# कोभिड-१९ सङ्कट ब्यबस्थापन केन्द्र
# एकिकृत कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्य योजना,२०७८

# ABBREVIATION

| | |
|---|---|
| APF | Armed Police Force |
| CAAN | Civil Aviation Authority of Nepal |
| CCMC | Covid Crisis Management Committee (कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र) |
| CCMC-IDD | Covid Crisis Management Committee- Information/Data Division |
| CCMC-MRD | Covid Crisis Management Committee-Monitoring and Reporting Division |
| CCMC-MSD | Covid Crisis Management Committee-Medical Service Division |
| CCMC-MSD (RRSD) | Covid Crisis Management Committee-Medical Service Division (Research and Recommendation Sub Division) |
| CCMC-RRSD | Covid Crisis Management Committee-Research & Recommendation Sub-Division |
| CCMC-SuD | Covid Crisis Management Committee- Logistics Division |
| CCMC-SyD | Covid Crisis Management Committee-Security Division |
| CICT | Case Investigation and Contact Tracing |
| CSD | Curative Services Division |
| CUCH | Covid-१९ Unified Central Hospital (कोभिड-१९ युनिफाईड केन्द्रीय अस्पताल) |
| CUPH | Covid-१९ Unified Provincial Hospital (कोभिड-१९ युनिफाईड प्रादेशिक अस्पताल) |
| CURH | Covid-१९ Unified Regional Hospital (कोभिड-१९ युनिफाईड क्षेत्रीय अस्पताल) |
| DAA | Drug Deveopment Administration |
| DCMC | District Covid Management Committee (जिल्ला कोभिड-१९ व्यवस्थापन समिति) |
| DDA | Department of Drug Administration |
| DHO | District Health Office |
| DoCSCP | Department of Commerce, Supply and Consumer Protection |
| DoHS | Department of Health Services |
| DoS | Department of Customs |
| DSC | District Security Committee (जिल्ला सुरक्षा समिति) |
| EDCD | Epidemiology and Disease Control Division |
| FNCCI | Federation of Nepal Chamber of Commerce and Industry |
| HAN | Hotel Association of Nepal |
| HEOC | Health Emergency Operation Centre |
| HIIS | Health Infrastructure Information System |
| HITA | Health Information Technology Assessment |
| IHIMS | Integrated Health Magagement Information System |
| IMU | Information Management Unit |
| MoCIT | Ministry of Communications and Information Technology |
| MoCTCA | Ministry of Culture, Tourism and Civil Aviation |
| MoD | Ministry of Defence |
| MoEST | Ministry of Education, Science and Technology |

| | |
|---|---|
| MoF | Ministry of Finance |
| MoFA | Ministry of Foreign Affairs |
| MoFAGA | Ministry of Federal Affairs & General Administration |
| MoHA | Ministry of Home Affairs |
| MoHP | Ministry of Health and Population |
| MoICS | Ministry of Industry, Commerce and Supplies |
| MoLESS | Ministry of Labour, Employment and Social Security |
| MoPIU | Ministry of Physical Infrastructure and Transportation |
| MoUD | Ministry of Urban Development |
| MoWCSC | Ministry of Women, Children and Senior Citizen |
| NA | Nepal Army |
| NAST | Nepal Academy of Science and Technology |
| NATTA | Nepal Association of Tour & Travel Agents |
| NBSM | Nepal Bureau of Standards & Metrology |
| NHEICC | National Health Education Information and Communication Center |
| NP | Nepal Police |
| NPHL | National Public Health Laboratory |
| NSSD | Nursing and Social Security Division |
| NTB | Nepal Tourism Board |
| PDC | Province Director Committee (प्रदेश निर्देशक समिति) |
| PHD | Provincial Health Directorate |
| PHLMC | Province Health Logistic Management Center |
| PIU | Project Implementation Unit |
| QSRD | Quality, Standards and Regulation Division |
| WFP | World Food Programme |

# कोभिड-१९ सङ्कट ब्यबस्थापन केन्द्र
# एकिकृत कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्य योजना

## पृष्ठभूमि

१. विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण नेपालमा पनि तीव्र रुपमा बढदै गईरहेको छ भने संक्रमणबाट अति प्रभावित हुने देशहरुमा नेपाल अग्रस्थानमा रहेको छ। नेपालमा कोभिड-१९ संक्रमणको पहिलो लहरले ठुलो क्षति नपुऱ्याए पनि दोश्रो लहर शुरुवात भए लगत्तै राज्यले धेरै जनधनको क्षति व्यहोर्नुका साथै स्वास्थ्य पूर्वाधार र सामग्री व्यवस्थापन र जनशक्ति व्यवस्थापन आदिमा थप चुनौतीको सामाना गर्दै आईरहेको छ। यसैगरी संक्रमणको कारण राज्यको आर्थिक, सामाजिक लगायतका विभिन्न क्षेत्रमा प्रत्यक्ष असर पर्नुको साथै यसबाट आन्तरिक सुरक्षामा समेत नयाँ चुनौती देखा परेकोछ। आम नागरिकको जीवन रक्षा गर्नु राज्यको प्रमुख दायित्व हो र संक्रमण रोकथाम र नियन्त्रण एउटा अति जटिल कार्य भएकोले राज्य संयन्त्रहरु, आमनागरिक र विभिन्न संघसंस्थाहरुको संयुक्त प्रयास, प्रभावकारी समन्वय र थप सहकार्य आवश्यक देखिन्छ।

२. वर्तमान अवस्थामा देखापरेको संक्रमणको समस्यालाई प्रभावकारी ढङ्गले रोकथाम र नियन्त्रण गर्न नसके आगामी दिनमा अझै भयावह अवस्था सृजना हुनसक्ने भएकोले महामारी नियन्त्रण, रोकथाम, उपचार र निदान सम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक भएकोले मिति २०७८।०२।०६ गते नेपाल सरकारद्वारा संविधानको धारा ११४ को उपधारा (१) बमोजिम कोभिड १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ जारी भैसकेको छ। उक्त अध्यादेशको परिच्छेद-४ को दफा १३ अनुसार कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (Covid-19 Crisis Management Center) गठन भएको र स्वास्थ्य संकट समाधानका लागि केन्द्रलाई तोकिएको जिम्मेवारी पूरा गर्न देहाय बमोजिमको कार्य योजना तर्जुमा गरिएको छः-

## उद्देश्य

३. "एकीकृत कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्य-योजना" को उद्देश्य संघ, प्रदेश, स्थानीय तहका सरकार तथा विभिन्न सरोकारवाला निकायहरुको संयुक्त प्रयासमा कोभिड-१९ संङ्कट व्यवस्थापन गर्नु हो।

## मुख्य चूनौतीहरु

४. मुलुकमा कोभिड-१९ को महामारीबाट जीवन रक्षाका लागि अवलम्बन गरिने नीतिगत व्यवस्था, योजना र कार्यान्वयनको प्रभावकारीताका निम्न चूनौतीहरु देखिएका छन्:-

(क) महामारी सम्बन्धी सूचना सङ्कलन, अभिलेखीकरण तथा सूचना व्यवस्थापनको चुनौती र अपेक्षाकृत सहकार्यमा कठिनाई,

(ख) अन्तर्राष्ट्रिय खुल्ला सिमाना र स्थलगत तथा हवाई आवागमनको नियमन अपेक्षित रुपमा प्रभावकारी नहुनु,

(ग) स्वास्थ्य सामग्री तथा उपकरणको कमी तथा उपलव्ध श्रोत साधनहरुको न्यायोचित वितरण र प्रयोगमा चुनौती,

(घ) जनस्वास्थ्यसँग सम्बन्धित जनशक्ति तथा पूर्वाधारको कमीको कारण थप सेवा विस्तार तथा संक्रमितहरुको उपचार व्यवस्थापनको चुनौती,

(ङ) आम नागरिकमा जनस्वास्थ्य मापदण्डको पालनमा सचेतना र अनुशासनको कमी,

(च) निषेध आदेशको निरन्तरताबाट दैनिक जनजीवन, आर्थिक गतिविधि तथा शान्ति सुरक्षामा पार्ने प्रभाव एवं क्रमिक खुकुलोपन (Loose Down) व्यवस्थापन बीच सन्तुलन कायम गर्न कठिन,

(छ) प्रचारमुखी कार्यशैली र गलत प्रचार प्रसारबाट रोकथाम र नियन्त्रणमा नकरात्मक प्रभाव,

(ज) योजना कार्यान्वयनको क्रममा जिम्मेवारी, उत्तरदायित्व निर्वाह, जवाफदेयिता, पारर्दर्शिता र निष्पक्षतामा कमी हुँदै गएको परिस्थिति,

(झ) वास्तविकतामा आधारित योजना तर्जुमा र कार्यान्वयनमा कमी,

(ञ) सम्बद्ध निकायहरुको अष्पष्ट र दोहोरो कार्य तथा जिम्मेवारी एवं प्रभावकारी समन्वय र सहकार्यको अभाव,

(ट) दातृ राष्ट्र, अन्तर्राष्ट्रिय र राष्ट्रिय संगठन, सामाजिक संघ संस्था, स्वयंसेवी निकायहरुको सहयोग र सेवा समन्वयमा कठिनाई ।

रणनीति

५. मुलुकमा कोभिड-१९ संकट व्यवस्थापनको लागि देहाय बमोजीमको रणनीति अवलम्बन गरिने छः-

(क) कोभिड-१९ रोकथाम, नियन्त्रण तथा संक्रमितको उपचारमा राज्यका सम्पूर्ण संयन्त्रलाई समन्वयात्मक परिचालन र सक्रीय सहभागी गराईनेछ।

(ख) कोभिड-१९ नियन्त्रण तथा रोकथाममा अगुवाई गर्ने सम्बन्धित स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह प्रशासन, संघीय निकाय, प्रदेश तथा स्थानीय तह बीच काम, कर्तव्य र अधिकारमा दोहोरोपन एवं दुविधा नहुने ढङ्गले कार्य योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनमा लगिनेछ।

(ग) संक्रमणको अवस्था अनुरुप आवश्यक पर्ने श्रोत साधन, जनशक्ति र तत्काल आवश्यक सेवाको निरन्तर रुपमा अध्ययन गरी आवश्यक पर्ने श्रोत साधन एवं जनशक्ति स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय र सुरक्षा अङ्गहरुको समन्वयमा समुचित परिचालन गरिनेछ।

(घ) कोभिड-१९ नियन्त्रण तथा रोकथाममा खोप (Vaccination) लाई उच्च प्राथमिकतामा राखिनेछ । खोप (Vaccination) मा अपेक्षित प्रगति हासिल नगरुन्जेलसम्मको अवधिमा कोभिड-१९ संक्रमण नियन्त्रणका वैकल्पिक उपायहरू जस्तैः निर्धारित स्वास्थ्य मापदण्डको पालना, Tracking, Tracing, Testing र Treatment एवं क्वारेन्टिन तथा आईशोलेसनको विस्तार एवं प्रभावकारी व्यवस्थापन गर्न आवश्यकता अनुसार निषेध आदेशको अभ्यासलाई निरन्तरता दिईनेछ ।

(ङ) कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी आवश्यक पर्ने तथ्य तथ्याङ्कहरु केन्द्रीकृत रुपमा सङ्कलन, विश्लेषण तथा आवश्यकता अनुसार वितरण गरिनेछ ।

(च) कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी सूचनाहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

(छ) कोभिड-१९ महामारीको आगामि प्रकोप तथा सोबाट उत्पन्न हुनसक्ने सबै प्रकारका चुनौतीहरुको आकलन गरी आवश्यक पूर्व तयारी गरिनेछ।

**कोभिड-१९को रोकथाम, नियन्त्रण, निदान र उपचार व्यवस्थाको कार्य योजना**

६. माथि उल्लेखित चुनौतीलाई दृष्टिगत गरी कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचार व्यवस्थाको लागि खोपको समुचित व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी भरपर्दो सूचना व्यवस्थापनबाट आम नागरिकहरुलाई सू-सुचित गर्ने, सचेतना अभिवृद्धि, अन्तर्राष्ट्रिय नाकाबाट भित्रिन सक्ने संक्रमणको नियन्त्रण, स्वास्थ्य पूर्वाधारहरुको क्षमता अभिवृद्धि र जनसहभागिता सुनिश्चित गर्न सम्पूर्ण राष्ट्रिय संयन्त्र तथा श्रोतको समन्वयात्मक र समुचित परिचालन गर्ने गरी "एकिकृत कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्य-योजना" तर्जुमा गरिएको छ।

७. यस एकिकृत कार्य योजनाको कार्यान्वयन तथा सहयोग र सहकार्य गर्ने सम्पूर्ण निकाय लगायत कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (Covid-19 Crisis Management Center-CCMC) अन्तर्गतका डिभिजनहरुले क्षेत्रगत कार्ययोजना तर्जुमा गरी लागू गर्नेछन् ।

# कार्ययोजना

१. जन सचेतना अभिवृद्धी तथा सूचना व्यवस्थापन

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| जन सचेतना अभिवृद्धी | • संघ, प्रदेश र जिल्ला स्तरीय जन सचेतना अभिवृद्धि योजना तर्जुमा र कार्यान्वयन गर्ने। | MoHP, MoCIT, CCMC-MSD/TDD, NHEICC, PDC, DCMC | स्थानीयतह, सामाजिक संघ संस्था | तत्काल र निरन्तर | तहगत | |
| | • वडा/टोल तहमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>• हेल्प डेस्कहरुको स्थापना र सञ्चालन गर्ने । | स्थानीय तह र वडा कार्यालय | DCMC, DHO र सामाजिक संघसंस्था | निरन्तर | PDC र DCMC | |
| | • जनचेतनामुलक कार्यक्रम सञ्चालनमा महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, क्लब र राष्ट्रिय सेवा दल, नेपाल स्काउट तथा समाज सेवामा आवद्ध सामाजिक संघ संस्थाका स्वयंसेवकहरुको परिचालन गर्ने । | स्थानीय तह र वडा कार्यालय | MoHP,MoEST, राष्ट्रिय सेवा दल, नेपाल स्काउट, PHD, DCMC, DHO र सामाजिक संघसंस्था | निरन्तर | PDC र DCMC | |
| | • सकरात्मक वातावरणको सृजना गर्न तथ्य तथ्याङ्कमा आधारित सूचना सम्प्रेषण ।<br>• तथ्यहीन एवं भ्रामक सूचना संप्रेषणको गतिविधिलाई निरुत्साहन गर्ने । | MoHP, CCMC, PDC र DCMC | MoCIT, NHEICC, PHD र DHO | तत्काल र निरन्तर | तहगत | |
| | • कोभिड-१९ सम्बन्धी विद्यमान र जारी हुने नीति निर्देशन र निर्णयहरुको पूर्ण रुपमा कार्यान्वयन गर्ने । | PDC, DCMC, स्थानीय तह र सरोकारवाला निकाय | MoCIT, PHD र DHO | तत्काल र निरन्तर | MoHA, MoHP र तहगत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचना व्यवस्थापन | • कोभिड-१९ प्रकोप रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी तथ्य तथ्याङ्क व्यवस्थापनको लागि केन्द्रीय Database को व्यवस्थापन गर्ने। | MoHP, CCMC,CUCH, PDC, DCMC, स्थानीय तह र DHO | MoCIT, HEOC र IHMIS | तत्काल र निरन्तर | तहगत | |
| | • सबै स्वास्थ्य केन्द्र, निजी तथा सरकारी अस्पतालको कोभिड-१९ संक्रमितको उपचार एवं सेवा प्रवाहको क्षमता र गुणस्तर सम्बन्धी सूचना अद्यावधिक गर्ने । | स्वास्थ्य केन्द्र, निजी तथा सरकारी अस्पताल | HEOC, IHMIS, CCMC-IDD, PHD र DHO | तत्काल र निरन्तर | CUCH र तहगत | |
| | • कोभिड-१९ उपचारमा तोकिएका स्वास्थ्य केन्द्र तथा अस्पतालमा General Ward, ICU, HDU, Ventilator मा उपचाररत तथा होम आईशोलेसन र क्वारेन्टिनमा रहेका संक्रमितहरुको विवरण दैनिक अद्यावधिक गर्ने। | स्वास्थ्य केन्द्र तथा अस्पताल, आईशोलेसन तथा क्वारेन्टिन केन्द्र र स्थानीय तह | CCMC-IDD, HEOC र IHMIS (IMU) | दैनिक | CUCH र तहगत | |
| | • कोभिड-१९ उपचारमा आवश्यक पर्ने अक्सिजन, सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, भेन्टिलेटर लगायतका स्वास्थ्य उपकरण, परिक्षण किट, PPE, Consumables लगायतका अन्य स्वास्थ्य सामाग्रीको आपूर्ती, मौज्दात, वितरण तथा खपत सम्बन्धी विवरणको अद्यावधिक गर्ने । | CCMC-IDD, CUCH, Management डिभिजन (MoHP), PHLMC, DHO र उपचारमा संलग्न अस्पताल र स्वास्थ्य केन्द्र | MoHP, MoICS, CCMC-SuD, PDC, PHLMC र DCMC | दैनिक | MoHP र CCMC | |
| | • जिल्लागत खोप (Vaccination) को विवरण (पहिलो र दोश्रो डोज समेत) र संक्रमण परीक्षण सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने। | DHO, DCMC, PDC, HEOC र बालस्वास्थ्य शाखा (DoHS) | CCMC-IDD | दैनिक | DCMC, PDC, CCMC र MoHP | |
| | • कोभिड-१९ संक्रमणबाट मृत्यु हुनेको जिल्लागत विवरण अद्यावधिक गर्ने । | NA, DoHS (EDCD), DCMC र DHO | MoHP, CCMC-IDD,प्रदेश सामाजिक विकास मन्त्रालय, DHO र स्थानीय तह | दैनिक | MoHP र CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • हवाई मार्ग तथा स्थल सिमा नाकाबाट आगमन गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने। | MoICS, Immigration Department, DoHS (EDCD) र DCMC | MoHP, MoFA, MoCTCA, NA, NP र APF | दैनिक | MoHA, MoCTCA र CCMC | |
| | • स्थल सिमा नाकाबाट प्रवेश गर्ने, उपत्यकामा आवत जावत गरेका सवारी साधनको विवरण अद्यावधिक गर्ने । | NP, APF र DoC | CCMC-IDD | दैनिक | MoHA, MoICS र CCMC | |
| | • दैनिक उपभोग्य सामाग्री तथा अत्यावश्यक वस्तु आपूर्ती सम्बन्धी सूचना अद्यावधिक गर्ने। | MoICS, NP, APF र DoC | CCMC-IDD | दैनिक | MoHA, MoICS र CCMC | |
| | • Tracking, Tracing, Testing र Treatment तथा गुनासो व्यवस्थापनको लागि कल सेन्टरको व्यवस्था गर्ने । | CCMC-IDD, CUCH, DoHS (EDCD), PDC, PUCH, DCMC र पालिका | MoHP, MoCIT, MoHA, CCMC, NP र सम्बद्ध सबै निकायहरु | तत्काल र निरन्तर | CCMC | |

२. उपचार व्यवस्थापन तथा स्वास्थ्य पूर्वाधार बिस्तार

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय सिमा | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रदेशगत/ जिल्लागत स्वास्थ्य पूर्वाधारको विस्तार तथा स्तरीय स्वास्थ्य सेवा प्रदान | • बिरामीलाई अस्पतालमा बेड उपलव्ध नहुने अवस्थामा आवश्यक आपतकालीन सेवाको लागि अक्सिजन आईशोलेसन सेन्टरको स्थापना गर्ने । | सामाजिक विकास मन्त्रालय PDC र DCMC | MoHP, MoF, MoFAGA, CCMC, QSRD, CSD, NSSD र पालिका | १५ दिन | MoHP र CCMC | |
| | • प्रदेश स्थित संघीय वा प्रादेशिक अस्पताललाई कोभिड-१९ युनिफाईड प्रादेशिक अस्पताल (CUPH) तोकी तत्काल सञ्चालनमा ल्याउने । | CUCH, तोकिएको अस्पताल, PDC, सामाजिक विकास मन्त्रालय | MoHP, MoF, CCMC-MSD र CUCH | एक हप्ता | MoHP, CCMC र CUCH | |
| | • दुर्गम/पहाडी जिल्लाहरुलाई केन्द्रबिन्दु पारी आवश्यकता बमोजिम कोभिड-१९ युनिफाईड क्षेत्रीय अस्पताल (CURH) हरुको सञ्चालन गर्ने । | | | १५ दिन | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| एकीकृत उपचार तथा एकद्धार प्रेषण प्रणाली | • एकद्धार प्रेषण प्रणाली बमोजिम प्रभावकारी कार्यान्वयनको लागि विस्तृत योजना पेश गर्ने । | CUCH | MoHP र CCMC | एक हप्ता | CCMC | |

३. द्रुत प्रतिकार्य टोलीको गठन तथा परिचालन र आपतकालिन ढुवानी तथा उद्धार

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय सिमा | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| द्रुत प्रतिकार्य टोलीको गठन तथा परिचालन | • द्रुत प्रतिकार्य टोलीको तहगत संरचना, श्रोतसाधन, परिचालन हुने अवस्था र समयसिमा सहितको कार्य योजना तर्जुमा गर्ने । | CUCH | CCMC र DoHS | एक हप्ताभित्र | MoHP र CCMC | |
| | • आवश्यकता अनुसार द्रुत प्रतिकार्य टोलीको गठन गर्ने। | CUCH, सामाजिक विकास मन्त्रालय, DHO र पालिका | MoHP, CCMC, CUCH, DoHS (EDCD), CSD, NSSD, PDC र DCMC | यथाशीघ्र | CCMC र CUCH | |
| | • आवश्यक स्वास्थ्यकर्मी, औषधि, स्वास्थ्य सामग्री तथा उपकरण, सवारी साधन, सञ्चारका साधन तथा स्वास्थ्य सम्बन्धी अन्य अत्यावश्यकीय सामग्री सहित केन्द्रीय द्रुत प्रतिकार्य टोली तयारी हालतमा राखी परिचालन गर्ने । | CUCH | MoHP र CCMC | एक हप्ताभित्र | MoHP र CCMC | |
| आपतकालिन ढुवानी तथा उद्धार | • आपतकालिन उद्धार तथा ढुवानीको लागि केन्द्रीय स्तरमा न्यूनत्तम २ वटा हेलिकप्टर, १ वटा हवाई जहाज र आवश्यकता बमोजिमको अन्य सवारी साधन तत्काल परिचालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्ने । | CCMC-SuD | MoHP, MoHA, MoCTCA, NA र WFP | तत्काल र निरन्तर | MoHP CCMC र NA | |

४. **Patient Receiving Team (PRT) को व्यवस्था**

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| **PRT को व्यवस्था** | • कोभिड-१९ उपचार गर्ने अस्पताल, स्वास्थ्य केन्द्र, आईशोलेसन केन्द्रले PRT को गठन गरी तत्काल परिचालन गर्न सक्ने गरी व्यवस्था मिलाउने । | सम्बन्धित अस्पताल, स्वास्थ्य केन्द्र, आईशोलेसन केन्द्र | CUCH | तत्काल र निरन्तर | MoHP र तहगत | |
| | • प्रत्येक गाउँपालिका वा नगरपालिकामा स्वास्थ्यकर्मी र प्रहरी सहितको कम्तीमा एउटा PRT तयारी हालतमा राख्ने । | सम्बन्धित पालिका | DHO र DCMC | तत्काल र निरन्तर | PDC र DCMC | |

५. **शव व्यवस्थापन**

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| **शव व्यवस्थापन** | • कोभिड-१९ बाट संक्रमित भई मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन तोकिएको कार्यविधि अनुसार व्यवस्थापन गर्ने । | NA, DCMC, सम्बन्धित गाउँपालिका वा नगरपालिका र पशुपति विकास कोष (काठमाण्डौको हकमा) | NP, सम्बन्धित अस्पताल र स्थानीय तह | तत्काल र निरन्तर | DCMC | |
| | • शव व्यवस्थापन कार्यविधिलाई आवश्यकता अनुसार अध्यावधिक गर्ने । | CCMC-MSD, CUCH र HEOC | MoHA, NP र पशुपति विकास कोष | एक हप्ता | CCMC | |
| | • जिल्ला तथा स्थानीयतहमा आवश्यकता बमोजिम शव वाहनको व्यवस्थापन गर्ने । | DCMC र स्थानीय पालिका | MoHP, MoF र PDC | एक हप्ता | CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • शव व्यवस्थापनमा खट्टिने सुरक्षाकर्मीको लागि थप सवारी साधनको आवश्यक भएमा जिल्ला स्थित सरकारी कार्यालय, जुनसुकै व्यक्ति वा संस्थाको सवारी साधन अभिलेख राखी उपयोग गर्ने । | DCMC | सरकारी कार्यालय र निजि संघसंस्थाहरु | तत्काल र निरन्तर | CCMC र PDC | |

६. **स्वास्थ्य जनशक्ति, पूर्वाधार तथा सामग्रीको व्यवस्था र सुरक्षा**

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| जनस्वास्थ्य सँग सम्बन्धित सामग्रीको प्रभावकारी व्यवस्थापन | • कोभिड-१९ उपचारसँग सम्बन्धित औषधि, स्वास्थ्य उपकरण तथा स्वास्थ्य सामग्रीको खरिदको लागि ईकाई गठन गर्ने । | MoHP, DoHS, PHD, PHLMC, DHO र स्थानीय तह | MoF र CCMC | तत्काल | CCMC | |
| | • कोभिड-१९ उपचारसँग सम्बन्धित औषधि र अक्सिजन सहितका स्वास्थ्य सामाग्री तथा उपकरणको National Requirement तयार गर्न तथा आवश्यकताको प्राथमकिता निर्धारण (Prioritization) गर्ने । | खरिद ईकाई र MoHP (QSRD-HITA) | MoHP, CCMC-SuD/MSD, CUCH र DoHS | तत्काल र निरन्तर | CCMC र DoHS | |
| | • आवश्यकता अनुरुप पारदर्शी खरिद, भण्डारण, आपूर्ती तथा वितरण गर्ने । | खरिद ईकाई, MD (DoHS), PHLMCर DHO | MoHP, DoHS, CCMC-SuD/MSD र CUCH | तत्काल र निरन्तर | DoHS, CCMC र PDC | |
| | • Strategic Reserve: Critical औषधी, अक्सिजन लगायतका स्वास्थ्य सामाग्री तथा उपकरण र सवारी साधन छोटो सूचनामा परिचालन हुन सक्ने गरी भण्डारण र तयारी हालतमा राख्ने। | CCMC, MoHP | MoF, CUCH, DoHS, CCMC-SuD, NA | तत्काल र निरन्तर | MoHP, CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • कोभिड-१९ रोकथामको लागि आवश्यक खोप (Vaccine) को खरिद योजना, खरिद, प्राप्ती, भण्डारण, वितरण, ढुवानी व्यवस्थापन (अनुदानमा प्राप्त हुने खोप समेत) गर्ने । | खरिद ईकाई, DoHS, PHLMC, DHO | MoHP, DoHS, CUCH, CCMC-SuD/MSD | तत्काल र निरन्तर | MoHP र CCMC | |
| | • मित्रराष्ट्र, दातृसंस्था तथा अन्य निकायबाट प्राप्त औषधि, स्वास्थ्य उपकरण तथा स्वास्थ्य उपचारसँग सम्बन्धित अन्य सामाग्री लगायतका सामानको अध्यावधिक विवरण CCMC लाई उपलब्ध गराउने । | DoHS-Management Division | MoHP | निरन्तर | CCMC | |
| | • अनुदान तथा सहयोग स्वरुप प्राप्त औषधि, स्वास्थ्य उपकरण तथा स्वास्थ्य उपचारसँग सम्बन्धित अन्य सामग्रीहरुको भन्सार छुटको लागि सहजिकरण गर्ने। | HEOC-MoHP | MoF, DOC | निरन्तर | CCMC | |
| | • औषधि, स्वास्थ्य उपकरण तथा अन्य स्वास्थ्य सामाग्रीहरुको दररेट निर्धारण, खरिद आदेश, प्राप्ती, भण्डारण, वितरण र प्रयोग सम्बन्धी विवरण Update गर्न Software विकास/अद्यावधिक गर्ने । | MoHP र DoHS | CCMC-IDD/MD | तत्काल | CCMC | |
| | • औषधि तथा स्वास्थ्य उपकरणको गुणस्तर नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम रहेको एकीन गर्ने। | DDA, QSRD र (MoHA) | CCMC-MSD, नेपाल NBSM र NAST | आवश्यकता अनुसार | CCMC | |
| | • व्यक्तिगत तथा अन्य तवरबाट प्राप्त श्रोत साधनहरुको प्राप्ती र उपयोग विवरण श्रोत साधन प्राप्त भएको तीन दिनभित्र सम्बन्धित संस्थाले CCMC लाई उपलब्ध गराउने । | MoICS, PDC, DCMC र सम्बन्धित संस्था | MoFA, MoHP र CCMC-SuD/MRD DOC | | MoHP र CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य जनशक्ति व्यवस्थापन तथा सुरक्षा | • कोभिड-१९ को उपचारमा संलग्न सम्पूर्ण अस्पताल, स्वास्थ्य चौकी र आईशोलेसन केन्द्र लगायतमा आवश्यक पर्ने स्वास्थ्य जनशक्तिको व्यवस्थापन योजना तथा कार्यविधि बनाई पेश गर्ने । | CUCH | MoHP, MoFAGA, QSRD, CSD, NSSD, सामाजिक विकास मन्त्रालय र स्थानीय तह | तत्काल र निरन्तर | MoHP र CCMC | |
| | • स्वास्थ्य तथा सुरक्षाकर्मीको इमान्दारिता तथा गुणस्तरीय सेवा (Sincerity & Quality Service) को निरीक्षण र अनुगमन गरी प्रोत्साहन र अन्य व्यवस्थापनको प्रबन्ध गर्ने। | MoHP, DoHS, सामाजिक विकास मन्त्रालय, DCMC र स्थानीय पालिका | MoF, MoHA, MoD र MoFAGA | तत्काल र निरन्तर | MoHP र CCMC | |
| | • स्वास्थ्य सम्बन्धी जनशक्ति, पूर्वाधार तथा सामग्रीको सुरक्षा प्रबन्ध गर्ने । | DCMC | MoHA, MoD, NA, NP र APF | तत्काल र निरन्तर | MoHP, CCMC र PDC | |
| | अग्रपङ्तीमा (Frontline) खट्टिई कार्य गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य जनशक्तिको लागि आवश्यकता अनुसार PPE, MASK, Viser, Sanitizer लगायतका स्वास्थ्य सुरक्षाका सामाग्री निरन्तर उपलब्ध गराउने। | PHLMC, DHO, सामाजिक विकास मन्त्रालय र स्थानीय तह | MoHA, MoD, PDC, DCM र स्थानीय तह | तत्काल र निरन्तर | MoHP र CCMC | |

७. कोभिड-१९ कोषको व्यवस्था र सञ्चालन

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| कोभिड-१९ कोष | • CCMC मा कोषको व्यवस्था भए बमोजिम कोष सञ्चालन निर्देशिका बनाई प्रदेश तथा स्थानीय तहले समेत कोभिड-१९ कोषको व्यवस्था र सञ्चालन गर्ने । | CCMC, PDC, DCMC र स्थानीय पालिका | MoF र MoFA | तोकिए बमोजिम | कोभिड-१९ निर्देशक समिति र महालेखा परिक्षकको कार्यालय | |

८. अनुसन्धान र सुझाव

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| अनुसन्धान र सुझाव | • स्वास्थ्य सेवासँग सम्बन्धित अस्पतालका सञ्चालक, नेपाल चिकित्सक संघका पदाधिकारी, उद्योगी तथा व्यवसायी, विशेषज्ञ चिकित्सक, अनुसन्धानकर्ता लगायतका विभिन्न क्षेत्रका विज्ञ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग नियमित अन्तरक्रिया गरी सुझाव सङ्कलन गर्ने । | CCMC-MSD (RRSD), QRSD, CSD र PDC | MoHP, MoICS, QSRD, CSD, NSSD, DCMC र सम्बन्धित राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्ति | तत्काल र निरन्तर | MoHP, सम्बन्धित मन्त्रालय, CCMC र PDC | |
| | • कोभिड-१९ संक्रमणको दोश्रो लहरको नियन्त्रण, प्रतिकार्य र उपचार एवं भविष्यमा आउन सक्ने महामारीको प्रकोपलाई नियमित आंकलन र अनुसन्धान गरी पूर्व तयारीको लागि सुझाव पेश गर्ने। | CCMC-RRSD र DoHS (EDCD) | CUCH, PDC र DCMC | | MoHP र CCMC | |

## ९. निषेध आदेश कार्यान्वयन

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय सिमा | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| निषेध आदेश कार्यान्वयन व्यवस्था | • कोभिड-१९ स्वास्थ्य आपतकाल घोषणा गर्न तथा देशव्यापी वा क्षेत्रगत रुपमा निषेध आदेश जारी गर्न निर्देशक समितिलाई आवश्यक कार्य योजना सहित सिफारिस गर्ने र कार्यान्वयन गराउने । | CCMC-MSD | MoHP, PDC र DCMC | परिस्थिति बमोजिम | CCMC | |
| | • PDC ले CCMC सँगको समन्वयमा सम्बन्धित प्रदेश भित्र आवश्यकता अनुसार निषेध आदेश जारी र कार्यान्वयन गर्ने। | PDC | MoHP, MoHA, CCMC, PHD, DCMC र DHO | परिस्थिति बमोजिम | MoHA र CCMC | |
| | • DCMC ले PDC सँगको समन्वयमा जिल्लाका निश्चित क्षेत्रमा आवश्यकता बमोजिम निषेध आदेश जारी र कार्यान्वयन गर्ने । | DCMC | CCMC, PDC, DCMC र जिल्ला स्थित सरोकारवाला संघ संस्था | परिस्थिति बमोजिम | तहगत | |
| | • आन्तरिक, वाह्य र चार्टड उडान नियमन गर्न CCMC ले निर्देशक समिति समक्ष उचित प्रस्ताव पेश गरी निर्णय कार्यान्वयन गर्ने/गराउने । | CCMC-SuD/SyD | MoHA, MoHP, MoFA, MCTCA, CCMC-MRD र सरोकारवाला निकाय | तत्काल र निरन्तर | MoHP र CCMC | |
| | • सीमित आर्थिक गतिविधि सूचारु गरी सामान्य जीविकोपार्जनको व्यवस्थापन वा अन्य कारणवश निषेध आदेशलाई खुकुलो गर्न आवश्यक भएमा PDC को समन्वयमा सम्बन्धित DCMC ले Smart Lock Down को व्यवस्था गर्न सक्ने । | DCMC | CCMC, PDC, स्थानीयतह र जिल्ला स्थित सरोकारवाला संघ संस्था | परिस्थिति बमोजिम | तहगत | |

१०. स्थल तथा हवाईमार्गबाट आवागमन व्यवस्थापन

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| अन्तर्राष्ट्रिय सिमा नाका (स्थलमार्ग) हुंदै नेपाल प्रवेश गर्नेहरुको व्यवस्थापन | • नेपाल सरकारले तोकेका अन्तर्राष्ट्रिय सिमा नाका प्रवेश विन्दुमा हेल्प डेस्कहरुको स्थापना गरी परिक्षण र संक्रमितको पहिचान, होल्डिङ्ग सेन्टर, आईशोलेसन केन्द्र लगायतका सेवाको बिस्तार एवं प्रभावकारी व्यवस्थापन गर्न योजना तयार गरी कार्यान्वयन गर्ने । | सामाजिक सुरक्षा मन्त्रालय, PDC र DCMC | MoHA, MoD, MoF, MoFA, CCMC, DoHS (EDCD), PDC र स्थानीय पालिका | तत्काल र निरन्तर | MoHA, MoHP, CCMC र PDC | नाकाहरुको संख्या थप भएमा सोही अनुसार व्यवस्थापन गर्ने |
| | • सिमा नाकाबाट प्रवेश गर्ने व्यक्तिहरुलाई अनिवार्य Antigen Test गरी संक्रमितलाई निर्धारित आईशोलेसन सेन्टरमा राख्ने व्यवस्था मिलाउने। | DCMC, DHO र स्थानीय पालिका | CCMC, DoHS (EDCD), PDC र जिल्ला स्थित सरोकारवाला संघ संस्था | तत्काल र निरन्तर | MoHP, CCMC र PDC | |
| | • दक्षिणी सिमा नाका प्रवेश बिन्दुको नियमन गर्न भारतीय र नेपाली अधिकारीहरुवीच प्रभावकारी समन्वयका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समन्वय समितिको व्यवस्था गर्ने । | DAO | MoHA, MoFA, MoF, MICS र जिल्ला स्थित सरोकारवाला संघ संस्था | तत्काल र निरन्तर | MoFA, CCMC, र PDC | |
| | • निर्धारित अन्तर्राष्ट्रिय सिमा नाका प्रवेश विन्दुहरुमा व्यवस्थित रुपमा आवागमनको व्यवस्था गर्ने । | DSC | MoF र प्र.जि.अ. नेतृत्वको समन्वय समिति | तत्काल र निरन्तर | PDC र DCMC | |
| | • सिमा नाका प्रवेश बिन्दुहरुमा स्थापना गरिएका होल्डिङ्ग सेन्टरको सुरक्षा नेपाली सेनाबाट र व्यवस्थापन DCMC | होल्डिङ्ग सेन्टर व्यवस्थापन समिति | CCMC, PDC DSC, प्र.जि.अ. नेतृत्वको | १५ दिन | MoHP, CCMC र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ले निर्धारण गरेको समितिबाट गर्ने।<br>• होल्डिङ्ग सेन्टर व्यवस्थापन समितिमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले तोकेको सरकारी कार्यालयका अधिकृतको अध्यक्षतामा जिल्ला स्थित जनस्वास्थ्य कार्यालय, स्थानीय तह, रेडक्रस र यातायात व्यवसायी संघ लगायत आवश्यकता बमोजिमका प्रतिनिधिहरु समावेश गर्ने। | | समन्वय समिति र जिल्ला स्थित सरोकारवाला संघ संस्था | | PDC | |
| | • CICT गठन गरी विदेशबाट आगमन गर्ने सम्पूर्ण व्यक्तिहरुको दुरुस्त अभिलेखिकरण गरी Contact Tracing र Tracking को कार्य गर्ने। | DHO | DCMC | तत्काल र निरन्तर | DCMC | |
| | • निर्धारित सिमा नाका प्रवेश बिन्दु बाहेक अन्यत्रबाट लुकिछिपी नेपाल प्रवेशको नियन्त्रण तथा व्यवस्थापन गर्ने।<br>• लुकिछिपी नेपाल प्रवेश गर्नेको सूचना दिनेलाई उचित पुरस्कारको व्यवस्था गर्न सक्ने । | DSC र APF | MoHA, MoF र स्थानीय पालिका | तत्काल र निरन्तर | PDC र DCMC | |
| | • निर्धारित अन्तर्राष्ट्रिय सिमा नाकाबाट अत्यावश्यक वस्तु आयात र निर्यातको सहजिकरण र सुरक्षाको लागि राजमार्गको उपयुक्त खुल्ला स्थानमा हेल्प डेस्क सहितको सवारी साधन होल्डिङ्ग एरिया स्थापना तथा व्यवस्थापन गरी चालक तथा सह चालकको Antigen परिक्षण (विदेशी नागरिकलाई तोकिएको शुल्क लाग्ने), सवारी साधनको निर्मलीकरणको व्यवस्थापन गर्ने।<br>• Antigen Test को Negative रिपोर्ट भएकालाई स्वास्थ्य अधिकारीबाट प्रमाणित गरी गन्तव्य तर्फ जान अनुमति | DCMC र DHO | MoHA, MoF, MoDoHS (EDCD), PDC, CCMC, PIU, स्थानीयतह र जिल्ला स्थित सरोकारवाला संघ संस्था | १५ दिन | MoHA, MoHP र CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दिने र संक्रमित भएमा संस्थागत आईशोलेसन वा अस्पतालमा पठाउने व्यवस्था मिलाउने । | | | | | |
| हवाई यात्राको व्यवस्था | • आन्तरीक र अन्तर्राष्ट्रिय विमानस्थलका Arrival र Departure मा भएका हेल्प डेस्कको स्तरोन्तीकरण र आवश्यकता अनुसार थप हेल्प डेस्क व्यवस्थापन गर्ने । | DoHS (EDCD) | MoHP, MoHA , CAAN, Immigration Department र DCMC | तत्काल र निरन्तर | MoHA, MoCTCA र CCMC | |
| | • अन्तर्राष्ट्रिय उडानबाट आगमन र प्रस्थान गर्ने यात्रुहरुको लागि विमान प्रस्थानको समयमा ४८ घण्टा ननाघेको RT-PCR, Gene Xpert वा TrueNat परिक्षणको Negative Report नेपाल सरकारले तोकेको फरम्याटमा यात्रुको साथमा हुनुपर्नेछ ।<br>• Symptomatic यात्रुहरुको हकमा विमानस्थलमै Antigen Test को अनिवार्य व्यवस्था गरी संक्रमितलाई तोकिएको आईशोलेसन सेन्टरमा पठाउने व्यवस्था गर्ने । | DoHS (EDCD) | NPHL, CAAN र Immigration Department | तत्काल र निरन्तर | MoHA, MoCTCA, CCMC र MoHP (DoHS) | विदेशि नागरिकको हकमा Antigen Test मा तोकिएको शुल्क लाग्ने |
| | • Antigen Test र अध्यागमन कार्यलाई सहजीकरण गर्न अन्तर्राष्ट्रिय विमानस्थलमा होल्डिङ्ग एरियाको व्यवस्था गर्ने। | CAAN | MoHA, MoHP MoCTCA, NA, NP र APF | एक हप्ता | CCMC, MoHP (DoHS/EDCD) र DCMC | |
| | • विदेशबाट आगमन गर्ने यात्रुहरुलाई नेपाल सरकारबाट जारी आदेश अनुसार तोकिए बमोजिम होटल/संस्थागत वा होम क्वारेन्टिनमा पठाउने। | MoCTCA र DoHS (EDCD) | MoHA, MoFA, MoLESS, HAN, NATTA र स्थानीय पालिका | तत्काल र निरन्तर | MoHP, CCMC र DCMC | होटल क्वारेन्टिन को खर्च तोकिए बमोजिम हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • होटल/संस्थागत वा होम क्वारेन्टिनमा बस्नेको अभिलेख राख्ने, अनुगमन तथा प्रतिवेदन गर्ने । | DCMC र स्थानीय वडा कार्यालय | MoHA, NTB, स्थानीय पालिका र जिल्ला स्थित सरोकारवाला संघ संस्था | तत्काल र निरन्तर | MoHP, MoCTCA र CCMC | |

११. परिक्षण, क्वारेन्टिन र आईशोलेसनको व्यवस्था

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय सिमा | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| कोभिड-१९ संक्रमणको प्रभावकारी परीक्षण | • मोवाईल स्वाब संकलन तथा परीक्षण टिम (सुरक्षाकर्मी सहित) को व्यवस्था गरी परीक्षणको दायरालाई वडा तथा टोल स्तरसम्म बढाउने । | DHO र स्थानीय पालिका | DoHS (EDCD), DCMC, स्थानीय पालिका र जिल्ला स्थित सरोकारवाला संघ संस्था | तत्काल र निरन्तर | MoHP, CCMC र PDC | |
| | • संक्रमणको अवस्थाको विश्लेषण गर्न Hot Spot Mapping गर्ने । | CCMC-IDD/MSD | DoHS (EDCD) | तत्काल र निरन्तर | CCMC | |
| | • संक्रमणको दर, जनघनत्व र आवश्यकता अनुसार PDC ले प्रत्येक जिल्लामा PCR/Antigen Sampling Test को कोटा निर्धारण गरी Community Sampling Test गर्ने। | PDC र DHO | DoHS (EDCD), CCMC, PHD, DCMC र स्थानीय पालिका | परिस्थिति बमोजिम | MoHP र CCMC | |
| | • आवश्यक पर्ने VTM तथा Anntigen Test Kit प्राप्ती तथा वितरणको व्यवस्था गर्ने । | PDC र DHO | DoHS (EDCD), CCMC, DCMC र स्थानीय पालिका | तत्काल र निरन्तर | MoHP र CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्वारेन्टिन, आईशोलेसन तथा एम्बुलेन्स | • गाउँपालिका वा नगरपालिकास्तरमा संस्थागत क्वारेन्टिन/आईशोलेसन र होम क्वारेन्टिन/ आईशोलेसनको व्यवस्थापन,अभिलेख राख्ने, अनुगमन र प्रतिवेदन गर्ने । | स्थानीय पालिका तथा वडा कार्यालय | DCMC र जिल्ला स्थित सरोकारवाला संघ संस्था | तत्काल र निरन्तर | MoFAGA, CCMC, PDC र DCMC | |
| | • संस्थागत क्वारेन्टाइन तथा अक्सिजन सहितको आईसोलेसन सेन्टरको स्थापना तथा व्यवस्थापनको लागि सम्बन्धित DCMC को सिफारिसमा सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बजेट निकासाको लागि सहजीकरण गर्ने । | MoHP र MoF | DCMC | परिस्थिति बमोजिम | MoHA , CCMC र PDC | |
| | • महानगरपालिका र उपमहानगरपलिकाले आवश्यकता बमोजिम र सडक सञ्जालले जोडिएका गाउँपालिका वा अन्य नगरपालिकाले न्यूनतम एउटा एम्बुलेन्स वा एम्बुलेन्सको कार्य गर्ने सवारी साधनको व्यवस्थापन गर्ने । | सम्बन्धित पालिका | MoHP, MoFA, DCMC र जिल्ला स्थित सरोकारवाला संघ संस्था | तत्काल र निरन्तर | तहगत | |

१२. निषेध आदेशको दौरान अत्यावश्यक वस्तुको आपूर्ती र यात्रा नियमन

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| अत्यावश्यक वस्तुको आपूर्ती | • खाद्य सामग्री तथा अत्यावश्यक बस्तु वा सेवाको आपूर्तिमा देखिएका समस्या समाधान गरी सहज आपूर्ती योजना तर्जुमा र कार्यान्वयन गर्ने । | MOCIS | DOCIS र CCMC- SuD | तत्काल र निरन्तर | MoHP र CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • स्थान विशेषमा उत्पादन हुने कृषी तथा पशुजन्य, तरकारी, फलफुल, दुग्ध पदार्थ र माछामासु लगायतका उपभोग्य खाद्य पदार्थहरु सहज रुपमा उपभोक्तामाझ पुऱ्याउन स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी कृषी तथा पशुजन्य एम्बुलेन्सको व्यवस्था गर्ने । | जिल्ला कृषि कार्यालय र सम्बन्धित पालिका | DOCSCP, FNCCI, DCMC र DHO | तत्काल र निरन्तर | तहगत | |
| | • खाद्य सामाग्री, मल, बिउबीजन, औषधि, ईन्धन लगायतका अत्यावश्यक वस्तुको सहज आपूर्तीको लागि पास वा अनुमतिको नियमन गर्ने ।<br>(क) जिल्ला भित्रको ढुवानी<br>(ख) एक प्रदेशबाट अर्को प्रदेश<br>(ग) काठमाण्डौ उपत्यका भित्रने ढुवानी | (क) DCMC<br>(ख) PDC<br>(ग) DCMC हरु | MoHA र PDC | तत्काल र निरन्तर | MoHA र CCMC | |
| यात्राको नियमन | • विशेष परिस्थितिवश जिल्लाभित्र गर्नु पर्ने यात्राको पास वितरण सहितको नियमन गर्ने । | DCMC | MoHA, स्थानीय गाउँपालिका वा नगरपालिका र जिल्ला स्थित सरोकारवाला संघसंस्था | परिस्थिति बमोजिम | CCMC र PDC | |
| | • काठमाण्डौं उपत्यका प्रवेश तथा काठमाडौं उपत्यका भएर अन्यत्र हुने आवागमनको पास वितरण सहितको नियमन गर्ने । | DCMC (उपत्यका) | MoHA र गाउँपालिका वा नगरपालिका | तत्काल निरन्तर | CCMC | |
| | • निषेध आदेशको समयमा मुख्य शहरहरुबाट घर गाउँमा फर्कन ईच्छुक यात्रुहरुको व्यवस्थापनगर्ने।<br>(क) आवश्यक सवारी साधनको प्रबन्ध गरी अनिवार्य निशुल्क Antigen Test र कोभिड- | DCMC | MoHA, MoPIU, CCMC, DoHS (EDCD), NPHL, PDC र गाउँपालिका वा | परिस्थिति बमोजिम | MoHA, MoHP र CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १९ प्रोटोकल अवलम्बन गरी गन्तव्यमा पठाउने व्यवस्था गर्ने।<br>(ख) मानविय कारणबाट मुख्य शहर आउन चाहनेहरुको हकमा मात्र स-शुल्क Antigen Test र कोभिड-१९ प्रोटोकल अवलम्बन गरी शहरी ईलाकामा प्रवेश गर्ने स्वीकृती दिन सकिने । | | नगरपालिका | | | |

१३. **अनुमगन निरीक्षण, गुनासो व्यवस्थापन तथा दण्ड र पुरस्कारः**

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| अनुगमन तथा निरीक्षण, सूचना प्रवाह र गुनासो व्यवस्थापन | • तोकिएको जिम्मेवार पदाधिकारीले कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसँग सम्बन्धित जुनसुकै निकाय वा संस्थाको अनुगमन तथा निरीक्षण गर्ने वा गराउने । | CCMC-MRD, PDC, DCMC, CUCH र CUPH | MoHA, MoHP, MoFAGA र सामाजिक विकास मन्त्रालय | तत्काल र निरन्तर | MoHA र CCMC | |
| | • तहगत रुपमा विशेष अनुगमन तथा निरीक्षण संरचनाहरु गठन गर्नु पर्ने । | CCMC-MRD, PDC र DCMC | MOHAर MoHP | तत्काल र निरन्तर | CCMC | |
| | • गुनासोको तहगत सङ्कलन तथा अभिलेखीकरण गर्ने,<br>• भ्रामक सूचनाको प्रतिकार गरी समयमै सही सूचना प्रवाह तथा गुनासो व्यवस्थापन गर्ने । | CCMC-MRD, PDC र DCMC | MoHA र MoHP | तत्काल र निरन्तर | CCMC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • आन्तरिक, वाह्य र चार्टड उडान नियमन तथा गुनासो व्यवस्थापन गर्ने । | CCMC-SuD/SyD/MRD | MoHA, MoHP, MoFA, MCTCA, CCMC-MRD र सरोकारवाला निकाय | तत्काल र निरन्तर | MoHP र CCMC | |
| दण्ड र पुरस्कार | • जिम्मेवारीबाट पन्छिने, काममा ढिलासुस्ति गर्ने, आफ्नो पदीय दायित्व समयमा निर्वाह नगर्ने तथा अध्यादेश विपरीत कार्य गर्नेलाई प्रचलित कानून बमोजिम सजाय गर्न कारण खुलाई सम्बन्धित विभागमा पत्राचार गर्ने । | CCMC, PDC र DCMC | MoHA, MoHP र MoCTCA | तत्काल र निरन्तर | CCMC | |
| | • प्रमुख जिल्ला अधिकारीले संकटमा हुन सक्ने कालोबजारी नियन्त्रण गर्न अनुगमन, जाँच र प्रचलित कानून बमोजिम कारबाहीको व्यवस्था गर्ने । | प्रमुख जिल्ला अधिकारी | CCMC-MRD, PDC, DCMC, NBSM र स्थानीय तह | तत्काल र निरन्तर | CCMC र PDC | |
| | • अध्यादेश बमोजिमको कुनै काममा बाधा गर्नेलाई प्रचलित कानून बमोजिम सजाय हुने । | CCMC, PDC र DCMC | MoHA | तत्काल र निरन्तर | CCMC र PDC | |
| | • उत्कृष्ट कार्य गर्ने सुरक्षाकर्मीलाई सम्बन्धित विभागमा पुरस्कार र प्रोत्साहनको लागि सिफारिस गर्न सक्ने । | DCMC | MoHA, CCMC, PDC र DCMC | तत्काल र निरन्तर | CCMC | |

१४. कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्यको लागि संरचना निर्माण

| कार्य | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | सिमा समय | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| संरचना निर्माण | • प्रदेश, जिल्ला र पालिका स्तरमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्यको लागि तहगत संरचना निर्माण गरी कार्य थालनी गर्ने । | PDC, DCMC र स्थानीय तह | CCMC | तत्काल | CCMC | |
| | • CCMC को संरचना अनुसूचि-१ अनुसार रहेको छ । | CCMC | कोभिड-१९ निर्देशक समिति र PDC | तत्काल | कोभिड-१९ निर्देशक समिति | |

नोटः यस कार्य योजनामा नसमेटिएका र स्पष्ट नभएका विषयहरुको हकमा कोभिड-१९ संङ्कट व्यवस्थापन केन्द्रको निर्णय वा केन्द्रको सिफारिसमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ ।

अनुसूचि-१

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र

(संरचना)

**निर्देशक समिति**

**कोभिड-१९ संकट व्यवस्थापन केन्द्र**

**बिज्ञ समूह**

### प्रशासनिक समूह
- सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-उप सचिव
- नेपाली सेना- (प्रशासनिक अधिकृत) सेनानी-१
- स्टाफ अधिकृत- सेनानी/सह सेनानी-१
- लेखा- शाखा अधिकृत- १
- कानून अधिकृत-१
- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-शाखा अधिकृत-१
- कार्यालय कर्मचारी-४ (निजामति-१, नेपाली सेना-१, नेपाल प्रहरी-१, सशस्त्र प्रहरी बल-१)
- कार्यालय सहयोगी-४ (निजामति-१, नेपाली सेना-१, नेपाल प्रहरी-१, सशस्त्र प्रहरी बल-१)

### पदाधिकारीहरु
- केन्द्र प्रमुख
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको बाहौं तहको डा.अधिकृत *
- उपरथी, नेपाली सेना
- प्र.अ.म.नि., नेपाल प्रहरी *
- स.प्र.अ.म.नि, सशस्त्र प्रहरी बल *
- सह सचिव, गृह मन्त्रालय *
- सह सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय *

### संयुक्त अपरेशन केन्द्र (JOC)
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- उप सचिव-१
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- उप सचिव-१
- गृह मन्त्रालय- उप सचिव-१
- नेपाली सेना- प्रमुख सेनानी-१
- नेपाल प्रहरी- प्र.ना.उ.-१
- सशस्त्र प्रहरी बल- स.प्र.ना.उ.-१
- डिउटी अधिकृत- नेपाली सेना-४, नेपाल प्रहरी-३, सशस्त्र प्रहरी बल-३ र रा.अ.वि.-१
- कर्मचारी- ३ (नेपाली सेना-१, नेपाल प्रहरी-१, सशस्त्र प्रहरी-१)

### उद्दार/द्रुत प्रतिकार्य टोली
- आवश्यक जनशक्ति
- हवाई साधनहरू
- एम्बुलेन्सहरू
- शव वाहनहरू
- अन्य सवारी साधनहरू

### स्वास्थ्य सेवा डिभिजन
**(Medical Division)**
- **संयोजक-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बाहौं तहको डा. अधिकृत •
- Curative Service- Unified Hospital Chief-१
- Preventive Services- EDCD Chief-१
- नेपाली सेना-डा.अधिकृत- २ जना
- नेपाल प्रहरी- डा.अधिकृत-१
- सशस्त्र प्रहरी बल- डा.अधिकृत-१
- सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- प्रशासकिय समन्वय अधिकृत-१
- सूचना तथा प्रविधि- IT विज्ञ-१ (निजामति)
- सहायक कर्मचारी-१ (निजामति)

### अनुसन्धान तथा सुझाव उप डिभिजन
**(Research and Recommendation Sub Division)**

सहायक रथी डा., नेपाली सेना-विज्ञ-१
NHRC- Member Secy (आमन्त्रित)-१
NPHL- Rep-१
EDCD- Rep-१
IHMIS- Chief (आमन्त्रित)-१
Epidemiologist- नेपाली सेना-१
अन्य विज्ञहरू आवश्यकता अनुसार

### शान्ति सुरक्षा डिभिजन
**(Security Division)**
- **संयोजक-** गृह मन्त्रालय- सह सचिव •
- रा.अ.वि.- सह अनुसन्धान निर्देशक-१
- रक्षा मन्त्रालय- उप सचिव
- नेपाली सेना- प्र.से/सेनानी-१/१
- नेपाल प्रहरी- प्र.उ.-१
- सशस्त्र प्रहरी बल- स.प्र.ना.उ.-१
- सहायक कर्मचारी- १

### सूचना तथा प्रविधि डिभिजन
**(Information/Data Division)**
- **संयोजक-** नेपाल प्रहरी- प्र.अ.म.नि.•
- सूचना तथा प्रविधि मन्त्रालय- उप सचिव (प्रवक्ताको कार्य समेत गर्ने)
- NHEICC- Chief-१
- नेपाली सेना (जनसम्पर्क तथा सूचना निर्देशनालय- प्र.से./सेनानी -१
- नेपाल प्रहरी- प्र.ना.उ./प्र.नि.-१
- सशस्त्र प्रहरी बल- स.प्र.ना.उ./स.प्र.नि.-१
- राष्ट्रिय अनुसन्धान विभाग- अधिकृत प्रतिनिधि-१
- सूचना विभाग- अधिकृत प्रतिनिधि-१
- नेपाली सेना, (सूचना तथा प्रविधि महाशाखा)- अधिकृत/पदिक-१/१
- सूचना प्रविधि (IT)/विज्ञ- ३ (निजामति-१, नेपाली सेना-१ र नेपाल प्रहरी-१ सूचना तथा प्रविधि निर्देशानलय)
- सहायक कर्मचारी- १
- नेपाली सेना (DPR&I) फोटो तथा भिडियोग्राफर-१/१ (आवश्यकता अनुसार)
- करार- सिष्टम डेभ्लपर/नेटवर्क सपोर्ट/डेटा बेश एडमिनिष्ट्रेटर-४/२/२
- भोलुन्टियर-आवश्यकता अनुसार

### आपूर्ति कार्य डिभिजन
**(Supply Division)**
- **संयोजक-** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- सह सचिव•
- परराष्ट्र मन्त्रायल- सह सचिव-१
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- उप सचिव-१
- स्वास्थ्य मन्त्रालयको खरिद ईकाई प्रमुख प्रतिनिधि-१
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- उप सचिव-१
- नेपाली सेना- म.से./सेनानी-१/१
- नेपाल प्रहरी- प्र.ना.उ.-१
- सशस्त्र प्रहरी बल- स.प्र.ना.उ.-१
- राष्ट्रिय अनुसन्धान विभाग-अधिकृत-१
- सहायक कर्मचारी-१

### क्षेत्रगत संख्या
- केन्द्र प्रमुख-१
- निजामती प्रशासन-३७
- नेपाली सेना-२७
- नेपाल प्रहरी-१५
- सशस्त्र प्रहरी-१४
- रा.अ.वि.-६
- करार-८
- **जम्मा संख्या: १०८**

### अनुगमन तथा प्रतिवेदन डिभिजन
**(Monitoring and Reporting Division)**
- **संयोजक-** सशस्त्र प्रहरी बल- स.प्र.अ.म.नि •

#### (Monitoring Cell)
- **अनुगमन अधिकृत-** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्र.से. नेपाली सेना, प्र.उ. नेपाल प्रहरी, स.प्र.उ. सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग-१/१
- पदाधिकारीहरू तथा सम्बन्धित डिभिजनहरूबाट प्रतिनिधि
- नोटः थप आवश्यक अधिकृतहरू सम्बन्धित मन्त्रालयबाट र सुरक्षा निकायहरूबाट

#### समन्वय तथा गुनासो व्यवस्थापन सेल
- उप सचिव-१ प्रधानमन्त्री तथा म.प.को कार्यालय
- उप सचिव-१ संङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय
- नेपाली सेना- प्र.से./सेनानी-१
- नेपाल प्रहरी- प्र.ना.उ.-१
- सशस्त्र प्रहरी बल- स.प्र.ना.उ.-१
- राष्ट्रिय अनुसन्धान विभाग- अनुसन्धान अधिकृत-१

### सचिवलाय तथा समूह (Division) दुबैमा कार्य गर्ने
NHRC- National Health Research Council
NPHL- National Public Health Laboratory
EDCD- Epidemiology and Disease Control Division
IHMIS- Integrated Health Information Management System
NHEICC- National Health Education and Information Communication Center